सर्वोच्च अदालत
काठमाडौं

# सम्माननीय प्रधानन्यायाधीशसँग संयुक्त अधिराज्यका राजदूतको भेट

सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ज्यूसँग संयुक्त अधिराज्यका नेपालस्थित राजदूत H.E. Richard Morris ले शिष्टाचार भेट गर्न चाहनुभएको व्यहोरा उल्लेख गरी नेपालस्थित संयुक्त अधिराज्यको राजदूतावासबाट मिति २५ जनवरी २०१९ मा पठाइएको Note अनुरुप परराष्ट्र मन्त्रालबाट मिति २०७५।१०।१३ मा सर्वोच्च अदालतमा अनुरोध भइआएको थियो।

सोही बमोजिम मिति २०७५।११।०२ गते बिहान १०:३० बजेका लागि समय तय भई सर्वोच्च अदालतको विशिष्ट कक्षमा सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ज्यू र संयुक्त अधिराज्यका राजदूत H.E. Richard Morris बीच शिष्टाचार भेट भयो। शिष्टाचार भेटमा संयुक्त अधिराज्यका राजदूतले सम्माननीय प्रधानन्यायाधीशज्यूलाई बधाई दिनुका साथै सफल कार्यकालको शुभकामना समेत व्यक्त गर्नुभयो। सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ज्यूले महामहिम राजदूतज्यूलाई धन्यवाद दिँदै नेपाल र संयुक्त अधिराज्यको सम्बन्ध अझ बढी प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो।

भेटवार्तामा सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार, रजिस्ट्रारद्वय, प्रधानन्यायाधीश सचिवालयका अधिकृतहरु तथा परराष्ट्र मन्त्रालयका उपसचिवसमेत उपस्थित हुनुहुन्थ्यो।

**२०७५ साल फाल्गुन ०२ गते, बिहिबार।**